मेरो देश मेरै उत्पादन




# CIM

## FACTS Newsletter

(अंक ८)
मंसिर २०७८

Sahid Marg, Biratnagar-02
021-515712
cim.biratnagar@gmail.com

# सम्पादकीय

आन्तरिक, वाह्रय, नीतिगत कारणका साथै कोभिड १९ को महामारीबाट थलिएका उत्पादनमूलक उद्योगहरु विस्तारै तङ्ग्रिदै गरेको अवस्थामा बैंक तथा वित्तीय संस्थाहरुमा तरलता अभाव र व्याजदरमा भईरहेको वृद्धिले उत्पादन लागतमा प्रत्यक्ष दवाव परिरहेको हुँदा उत्पादनमुलक क्षेत्रमा प्रवाह हुने कर्जाको व्याजदर एक अंकमा नबढ्ने गरी पुनरावलोकन गर्नु पर्दछ ।

उत्पादनमूलक उद्योगहरुको कुल ग्राह्रस्थ उत्पादनमा घट्दो क्रममा रहेको योगदानलाई मध्यनजर गरी कोभिड पछि लयममा फर्कन लागेको उद्योग/व्यवसाय क्षेत्रलाई व्याजदर वृद्धिको प्रत्यक्ष प्रभावबाट अलग राख्न लगानीयोग्य रकमको अभाव हुन नदिन प्रभावकारी कदम चाल्न ढिलाई गर्नु हुँदैन अन्यथा आगामी दिनमा लगानी घटी देशको आर्थिक एवं औद्योगिक विकासमा नकारात्मक प्रभाव पर्नुका साथै रोजगारीका अवसरहरुमा समेत संकुचन आउने निश्चित छ ।

नीतिगत व्यवस्था राम्रो भएतापनि व्यवहारिक र कार्यान्वयन पक्ष फितलो भएमा त्यसबाट लाभ लिन नसक्ने भएकाले उत्पादन, रोजगारी र उत्पादकत्व वढाई स्वदेशी उद्योग व्यवसायलाई संरक्षण गर्न सरकारले वर्तमान तरलता अभावको अवस्थालाई दृष्टिगत गरी अनुत्पादक क्षेत्रमा हुने लगानीलाई घटाउदै सार्वजनिक तथा पूँजीगत खर्चमा वृद्धि गर्नुका साथै राष्ट्र बैंकमा निक्षेपका रुपमा जम्मा भएको सरकारी रकम बैंक तथा वित्तीय संस्थाहरुको खातामा ट्रान्सफर गरि नगद उपयोग र तरलता व्यवस्थापन अविलम्व गर्नुपर्दछ ।






## देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति


आर्थिक वर्ष २०७८/७९ को ३ महिनाको तथ्यांकमा आधारित

| | |
|---|---|
| **६३.७%** आयात | **१०९.५%** निर्यात |
| **-७.६%** विप्रेषण आप्रवाह (नेपाली रुपैयाँमा) | **रु. २३४ अर्ब ५२ करोड** संघीय सरकारको खर्च |
| **रु. २५५ अर्ब ४ करोड** राजस्व परिचालन | **रु. ७६ अर्ब १३ करोड** शोधनान्तर स्थिति (घाटा) |


**रु. १० अर्ब ९८ करोड अमेरिकी डलर**
कुल विदेशी विनिमय संचिति

स्रोत: नेपाल राष्ट्र बैंक मंसिर २, २०७८

## Lending Situation of Nepal (in NPR Billion)





## Increase in Deposit Mobilization and Lending by BFIs




Q1 review of monetery policy F.Y. 2021/22

## Total Deposit Mobilization and Lending by BFIs of 2021/22 Q1 (in NPR)

**4,718.83** Arba
Total Deposit Mobilization





**4,399.84** Arba
Total Lending to the Private Sector

## Capital Adequacy Ratio (CAR)




**13.4%**
Commercial Banks



**13.6%**
Development Banks



**18.8%**
Financial Companies




**90.88%**
Credit Deposit Ratio
(as of 1st Dec 2021)

Source: Nepal Rastra Bank

# Real Sector Growth, Growth Rates, Per Capita Income


## Gross Domestic Product (GDP) (Current Price) (NPR in billion)








## Gross National Income (GNI) (Current Price) (NPR in billion)





2018/19 | 2019/20 | 2020/21 (Preliminary Estimate)








Source: Nepal Rastra Bank, Current Macroeconomic and Financial Situation (based on 3 months' data FY 2078/79), Central Bureau of Statistics, GDP 2021 (FACTS conversion from millions to billions)


## Annual Growth Rates of GDP (%)




## Nominal Percapita GNI (US$)




## (Annual Average) Consumer Price Index (2014/15=100) (Y-O-Y)




Source: Nepal Rastra Bank, Current Macroeconomic and Financial Situation (based on 3 months' data FY 2078/79)
Central Bureau of Statistics, GDP 2021 (FACTS conversion from millions to billions)

## Some Provisions for Industries in Monetary Policy 2021/22



An arrangement to facilitate the availability of financial resources for the establishment and operation of industries based on domestic raw materials.

Mandatory insurance of project based loans to women entrepreneurs for a loan up to **NRs. 2 million** to set up their business, and to agricultural farmers to open agricultural business.

Continuation of the existing provision for the commercial banks to extend at least **15 percent** of their total loans to the agriculture, energy, micro, cottage, and medium scale industries with a loan limit not exceeding **Rs. 10 million.**

Aiming at the promotion of additional credit in agriculture, micro and cottage industries, a provision for the commercial banks to establish focal desk in their branches, which are carrying out the government transactions of rural municipalities and municipalities.

## Some Provisions for Industries under Industrial Enterprise Act, 2020

Electricity generated by an industry for its own purpose is exempted from any fee or royalty payable on it.

**35%** exemption on the fee or charge leviable on the registration of an industry or firm opened with the sole ownership of a female entrepreneur.


Full income tax exemption for micro-industry, and for cottage and small industries with fixed capital less than **NRs. 10 million, 50% exemption** on income tax leviable to them.

Establishment of Industry and Investment Promotion Fund at the central level, and Provincial Industrial and Investment Promotion Fund at the state level.

**40% exemption** on the rate of tax leviable on the income earned from investment, if any, in, and operation of, an infrastructure industry.



# Some Provisions for Manufacturing Industries under Industrial Enterprise Act, 2020



**20% exemption** on the rate of tax leviable on the income earned, and additional 5% of the rate of tax leviable on the income earned by an industry exporting its products.

**50% exemption** on the rate of income tax leviable on the income from the sale of products earned by manufacturing industries producing and processing local tea products, dairy industries dealing in milk products and industries manufacturing textiles.

**100 percent** income tax exemption for first five years from the date of commencement of transaction and **50% exemption** on the income tax for next three years for manufacturing industries established with the investment of more than **NRs. 1 Billion** and providing direct employment to more than **500 individuals** throughout the year.



# अन्तर्वार्ता

## नरबहादुर थापा
## नेपाल राष्ट्र बैंक
## पूर्व कार्यकारी निर्देशक



**वर्तमान अवस्थामा देखिएको तरलता अभावको समस्यालाई यहाँले कसरी हेर्नु भएको छ, यस अवस्थाले अर्थतन्त्रमा अल्पकालिन र दीर्घकालिनमा कस्तो प्रभाव पार्न सक्छ ?**

कोरोनाको सन्दर्भमा सुधार आएको भएर अहिले व्यवसाय विस्तार भइरहेको छ, आर्थिक गतिविधि बढिरहेको छ, सँगै आयात बढिरहेको छ, कर्जाको माग बढिरहेको छ । आर्थिक पुनरुत्थान हुने क्रम जारी छ । यस कारण पनि तरलतामा, लगानीका साधनमा चाप पर्नु स्वभाविक हो ।

अल्पकालमा माग अनुसार वित्तीय स्रोत नहुँदा बजार प्रकृया अनुसार यसको प्रभाव ब्याज दरमा पर्छ । बैंकहरुले ब्याज दर बढाएको देखिन्छ । मुद्दति निक्षेपको दरले दोहोरो अंक समातेको स्थिति छ जुन २ - ३ महिना अघिसम्म थिएन ।

दीर्घकालमा राष्ट्र बैंकले वित्तिय मापदण्डमा आयातलाई निरुत्साहित गर्ने किसिमका प्रावधानमा थप कडाइ ल्याउन सक्ला । विप्रेशण आप्रवाह २ - ३ महिना त घट्यो, यसमा सुधार आयो भने अलिकति सहज होला तर आएन भने, अहिलेको वित्तीय स्रोतको स्थिति यथावत् रहने देखिन्छ । तरलता सरकारको पूँजिगत खर्चमा पनि भर पर्छ । ४ महिनामा सरकारको पूँजिगत खर्च ५ प्रतिशतको वरिपरि नै छ । यो बढ्यो भने बजारमा तरलता त आइहाल्छ । विदेशी मुद्रा पनि तरलताको स्रोत हो । तर कोरोनाका नयाँ भेरियन्टको त्राशले पर्यटनको स्थिति सुधार हुन देला कि नदेला भन्ने निश्चित छैन । तर अपेक्षा क्रमिक सुधारकै छ ।

**वित्तिय क्षेत्रमा समस्या दोहरिने कारण के होला ? वित्तीय सन्तुलन कायम गर्न के कस्ता योजनाहरु अपनाउनु पर्दछ ?**

तरलता भनेको पूँजी हो । नेपाल जस्तो देशमा माग अनुसारको पूँजीको उपलब्धता सजिलो छैन । व्यवसाय विस्तार गर्न खोज्दा पूँजी चाहिन्छ । व्यक्ति, समाज र नीजि क्षेत्रले त श्रोत जहिल्यै असीमित होस् भन्ने चाहन्छ तर त्यसको आन्तरिक श्रोत त बचत नै हो । जब आन्तरिक श्रोत अपर्याप्त हुन्छ, वित्तीय क्षेत्रमा देखिने खाडललाई सम्बोधन गर्न राज्य संयत्रले वैदेशिक सहयोग परिचालन गर्नुपर्छ । बाह्य क्षेत्रबाट पूँजी वा प्रत्यक्ष लगानी ल्याउनुपर्छ । बैंक तथा वित्तीय संस्थाले राष्ट्र बैंकले गरेको व्यवस्था अनुसार External Commercial Borrowing गर्नुपर्छ ।

**अर्थतन्त्रको दीगो विकासको निमित्त कस्ता नीति अवलम्वन गर्नुपर्दछ ?**

कर्जा वा लगानीको माग र वित्तीय श्रोतको आपूर्तिमा असन्तुलन हुन सक्ने सङ्केत पाउने वित्तिकै राष्ट्र बैंक सहितका राज्य संयन्त्रले अविलम्ब निम्न कदम चाल्नुपर्छ ।

१. वैदेशिक लगानी वा सहयोग प्राप्त गर्ने र परिचालन गर्ने वातावरण सिर्जना गर्न नीतिगत सक्रियता अप्नाउने
२. अनावश्यक वा विलासी वस्तुको आयातलाई अप्रत्यक्ष रुपमा निरुत्साहित गर्ने
३. उपलब्ध आन्तरिक वित्तीय श्रोतलाई अधिकतम प्रतिफल प्राप्त हुन सक्ने क्षेत्रमा परिचालन गर्ने
४. पूँजीलाई देशबाट बाहिरिन नदिन बजार ब्याज दर कायम हुन दिने

# उद्योग संगठन मोरङ्द्वारा आयोजित कार्यक्रमहरु

## २०७८ मंसिर ०२

संगठनका पूर्व अध्यक्ष स्व. महेन्द्र गोल्छाको १२ औं स्मृतिमा संगठन सचिवालयमा रहेको स्व. गोल्छाको अर्धकदको शालिकमा माल्यार्पण, पुष्प गुच्छा अर्पण ।

## २०७८ मंसिर ०२

उद्योग कल कारखानामा काम गर्ने महिला कामदार कर्मचारीहरुको स्वास्थ्य सुरक्षा अभियान स्वरुप दुगढ फुड एण्ड स्पाइसेस प्रा.लि उद्योग परिसरमा भेडिङ मेशिन जडान तथा हस्तान्तरण अभियानको शुभारम्भ कार्यक्रम ।

## २०७८ मंसिर ०२

स्व. महेन्द्र गोल्छा औद्योगिक अध्ययन केन्द्र अन्तरगत Industry Academia Dialogue Series 2, Economic Development and Monetary Policy Practices in Nepal विषयमा अन्तरक्रिया कार्यक्रम ।

## २०७८ मंसिर ०९

विराटनगर भंसार तथा आन्तरिक राजश्व कार्यालय एवं आन्तरिक राजश्व कार्यालय ईटहरीमा सरुवा भई आउनु भएका प्रमुखहरुको सम्मानमा आयोजित स्वागत तथा सम्मान कार्यक्रम ।

## २०७८ मंसिर १३

Interaction Program on Energy Efficiency in Industrial Sector; Past Experience & Future Colloboration.

## २०७८ मंसिर २६

CIM in collaboration with PUM, Netherlands conducted workshop on Mentor Mindset with Senior Expert Mr. Ignance Karthus from PUM

## २०७८ मंसिर २९

Human Resource & Industrial Relation सम्वन्धी अन्तरक्रिया कार्यक्रम ।

# मौद्रिक नीतिको प्रथम समिक्षाका सम्बन्धमा संगठनको सुझाव

१. वर्तमान वित्तीय समस्याको प्रमुख कारण आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिले बैंक वित्तीय संस्थाको तरल पूँजीलाई निस्कृय पारेर निक्षेपको ९० प्रतिशतमात्र लगानी गर्न पाउने गरि कर्जा निक्षेप अनुपात कायम हुने व्यवस्थाका कारण बजारमा लगानीयोग्य तरलता अभावको समस्या श्रृजित भएकाले यस्तो कर्जा निक्षेप अनुपातको प्रावधान खारेज गर्नु पर्दछ ।

२. पूँजिगत तथा विकास खर्च अत्यन्त न्युन भएकोले पनि बजारमा तरलता अभाव भएकोले सार्वजनिक क्षेत्रबाट हुने खर्चलाई प्रभावकारी र द्रुत गतिमा खर्च गर्ने व्यवस्था गरि बजारमा नगद प्रवाहलाई बढाउनुपर्दछ । साथै, सरकारको विकास तथा पूँजीगत खर्चमा जाने राष्ट्र बैंकमा निक्षेपका रुपमा जम्मा भएको रकम बैंक तथा वित्तीय संस्थाहरुमा खाता ट्रान्सफर गरि नगद उपयोग र तरलता व्यवस्थापन गर्नु पर्दछ ।

३. विदेशी विनियमको सञ्चितिको विद्यमान अवस्थालाई दृष्टिगत गरि तोकिएका वस्तुहरुको आयातमा प्रतित पत्र खोल्दा अनिवार्य रुपमा नगद मार्जिन राख्नुपर्ने व्यवस्थाले विलासिताका वस्तुहरुको आयातमा कडाई गर्दै उत्पादनमुलक उद्योगहरुका औद्योगिक कच्चा पदार्थ तथा मिल मेशिनरीहरुको आयातको सहजिकरणमा मद्दत पुग्ने भएतापनि यसबाट विलासिताका वस्तुहरुको आयातमा एकाधिकार हुनसक्ने भएकाले तोकिएका विलाशिताका वस्तुहरुको आयातमा प्रतिबन्ध गर्ने तर्फ थप प्रभावकारी कदम चाल्नु पर्दछ ।

४. बैंक तथा वित्तीय संस्थाबाट उत्पादनमुलक क्षेत्रमा प्रवाह हुने कर्जालाई सहज र सरल प्रकृयाबाट प्रवाह गर्ने व्यवस्था गरि अनुत्पादक क्षेत्रको लगानी घटाउदै उत्पादनमुलक क्षेत्रको लगानी बढाउनुका साथै आर्थिक पुनरुत्थानका लागि अपनाइएको पुनरकर्जा तथा विभिन्न शीर्षकमा प्रवाह गरिने सहुलियतपूर्ण कर्जा अन्तरगतका सूविधामुलक कर्जाहरुलाई सहज र द्रुतगतिमा प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

५. बैंक तथा वित्तीय संस्थाहरूले गर्ने प्रशासनिक तथा व्यवस्थापन खर्च संस्थाको बर्गका आधारमा निश्चित मापदण्ड तोकी अनुत्पादक खर्च कटौती गरी आधार दर घटाउनु पर्दछ ।

---


Designed and Compiled by

FACTS
RESEARCH & ANALYTICS
intelligence for informed choices

## What we do?



Retail Audit Survey (RAS)



Customized Research



Data Dissemination

www.factsnepal.com | info@factsnepal.com | 01-456-9924

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# सामाजिक सुरक्षा कोष

यस कोषमा आवद्ध योगदानकर्ताहरुको योगदान रकम कानून बमोजिम नियमित (प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र) रुपमा अनिवार्य जम्मा गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । योगदान नियमित नभई यस कोषबाट पाउने सुविधाबाट कुनै पनि श्रमिक वञ्चित हुन पुगेमा सम्पूर्ण दायित्व रोजगारदाताको हुने स्पष्ट कानूनी व्यवस्था रहेको व्यहोरा सम्वन्धि सबैमा जानकारी गराईन्छ ।


बबरमहल, काठमाडौं

फोन नं ४२५५४६४, हटलाईन १११६

website : www.ssf.gov.np,
email : info@ssf.gov.np